# चुली उपन्यासको सारवस्तु

प्रेमप्रसाद तिवारी, पिएचडी[1], शालिकराम पौड्याल, पिएचडी[2]
[1]उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Orcid ID : https://orcid.org/0009-0007-4433-7501
[2]उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Orcid ID : https://orcid.org/0009-0007-6023-9864
Corresponding Email: tiwari.prem828@gmail.com

## लेख जानकारी

**शब्दकुञ्जी :** *अन्योक्तिपरक, जीवनदृष्टि, नाटकीकृत, विचार, सारवस्तु*

**Received:** 12 June 2024

**Reviewed:** 12 November 2024

**Accepted:** 19 November 2024

**DOI:**
https://doi.org/10.3126/snprcj.v5i1.83493

Copyright 2024 © Author(s)

## लेखसार

*प्रस्तुत लेखमा उपन्यासकार सरुभक्तद्वारा लिखित चुली (२०६०) उपन्यासलाई सारवस्तुसम्बन्धी अवधारणाका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा चुली उपन्यासलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ । उपन्यासको विश्लेषणका लागि आवश्यक सैद्धान्तिक अवधारणा निर्माणका लागि उपयोग गरिएका सन्दर्भपुस्तक तथा चुली उपन्यासका बारेमा गरिएका समीक्षा नै यस लेखमा द्वितीयक स्रोतका सामग्री बनेका छन् । यस लेखमा उपयोग गरिएका दुवै स्रोतका सामग्री सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ। चुली उपन्यासमा हिमाल आरोहणका क्रियाकलापलाई मानिसको जीवनको लक्ष्य प्राप्तिको सन्दर्भ जोडिएको छ। हिमालको चुलीको उचाइ नाप्नका लागि कठोर मिहिनेत आवश्यक परे जस्तै जीवनलाई पनि चुलीको शिखरमा पुऱ्याउनका लागि अथक मिहिनेतको आवश्यकता पर्छ भन्ने विषय यस उपन्यासमा आएको छ । उपन्यासमा जीवनलाई हिमालका विविध सन्दर्भसँग जोड्दै हिमाल र जीवनका बिचमा तादात्म्य खोज्ने प्रयत्न गरिएकाले छ । यहाँ जीवन अनि हिमाल दुवैलाई सफलताको शिखरमा पुऱ्याउने आधार नै मिहिनेत वा कठोर साधना हो भन्ने विषय स्थापित गरिएको छ। निरन्तर साधना, कठोर परिश्रम र सङ्घर्षबाट हिमालका सयौँ चुलीको उचाइ भेट्टाउन सकिए जस्तै अविश्रान्त यात्राबाट नै मानिसको जीवनका उच्च उपलब्धि हत्याउन सकिन्छ भन्ने मूल सारवस्तु यस उपन्यासमा अभिव्यक्त छ ।)*

### विषयपरिचय

साहित्यकार सरुभक्तको जन्म २०१२ सालमा पोखराको बागबजार भन्ने ठाउँमा भएको हो । उनका *एक अभिनवको आत्मकथा* (२०४४), *छोरी ब्रह्माण्ड* (२०४७), *यामागल* (२०५४) जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् भने *पागलबस्ती* (२०४८), *तरुनी खेती* (२०५३), *समय त्रासदी* (२०५८), *चुली* (२०६०) जस्ता औपन्यासिक कृति सार्वजनिक भएका छन् । बहुआयामिक

व्यक्तित्वका धनी सरुभक्तले नेपाली साहित्यलाई विशिष्ट योगदान दिएबापत विभिन्न गरिमामय साहित्यिक सम्मान तथा पुरस्कार पनि प्राप्त गरेका छन्। उनका रचनामा सामाजिक, ऐतिहासिक र वैज्ञानिक विषयवस्तुको उपयोग गरिएको हुन्छ। उनलाई नेपाली साहित्यमा प्रयोगवादी उपन्यासकारका रूपमा लिइन्छ। उनका रचनामा सामाजिक पीडा, विश्वयुद्धजन्य समस्या, पुँजीवादी विश्व नीतिका असर जस्ता राष्ट्रिय अन्तर्राष्ट्रिय विषयवस्तुलाई उपयोग गरिएको छ। वैज्ञानिक विषयवस्तुलाई स्वैरकल्पनाको साँचोमा राखेर चिन्तनको लेपन गर्ने सरुभक्तका रचनामा मानव सभ्यताप्रति चिन्ता, भौतिकवादी वैज्ञानिक दृष्टिकोण, विशृङ्खलता र मूल्यहीनताप्रति आक्रोश र शान्ति सुरक्षा तथा प्रगतिको कामना गर्ने चाहना प्रकट भएको हुन्छ। यिनका रचनाले जीवनको निस्सारता र शून्यतालाई विषयका रूपमा ग्रहण गरेका हुन्छन्। सरुभक्त अस्तित्ववादी विसङ्गतिवादी जीवन दर्शनलाई बौद्धिक र काव्यात्मक भाषाका माध्यमबाट प्रस्तुत गर्ने लेखक हुन्।

विभिन्न विधामा फरक प्रयोगका कारण आफ्नो विशेष पहिचान बनाउन सफल सरुभक्तको नवीन प्रयोगका रूपमा रहेको चुली हिमाल आरोहणसँग सम्बन्धित विषयमा रचना गरिएको लघुउपन्यास हो। हिमाल आरोहणका विशेष सन्दर्भका आधारमा जीवन विषयक सत्यलाई चिनाउने उद्देश्यका साथ रचना गरिएको चुली वैचारिक उपन्यास पनि हो। *चुली* उपन्यासमा प्रकृति र मानव जीवनका बिचमा तादात्म्य खोज्ने प्रयत्न गरिएको छ। विचार कुनै पनि कृतिको जीवन हो। साहित्यिक कृतिको मूल्य नै कृतिमा प्रकट भएको विचारका आधारमा निरुपित भएको हुन्छ। कृतिमा सन्निहित कलागत मूल्य मापनको आधार नै साहित्यिक कृतिमा अभिव्यक्त विचार हो। कृतिमा लेखकको विचार नै जीवनदर्शन वा मूल उद्देश्य तथा सारवस्तुका रूपमा प्रकट भएको हुन्छ। यस लेखमा सरुभक्तद्वारा रचिएको *चुली* उपन्यासमा अभिव्यक्त मूल विचार वा सारवस्तु पहिचानलाई मुख्य प्राज्ञिक समस्याका रूपमा राखी कृतिमा अभिव्यक्त सारवस्तु निरूपण गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ। सरुभक्तको *चुली* उपन्यासका बारेमा प्रशस्त अध्ययन भएका छन् तथापि यस उपन्यासको सारवस्तुका बारेमा अध्ययन भएको पाइँदैन। स्नातक तहको पाठ्यक्रममा समावेश गरिएको *चुली* उपन्यासको सारवस्तुका बारेमा विस्तृत अध्ययन गरिने भएकाले विद्यार्थी तथा जिज्ञासु पाठकका लागि यो लेख निकै उपयोगी बन्ने छ।

## अध्ययनविधि

प्रस्तुत लेखमा सरुभक्तद्वारा लिखित *चुली* उपन्यासमा प्रकट भएको सारवस्तुका बारेमा अध्ययन गरिएको छ। यो अध्ययन कृतिको विश्लेषण गरी त्यसमा अभिव्यक्त भएको सारवस्तुका बारेमा अध्ययन गरिएको छ। यस लेखमा गुणात्मक अनुसन्धानका मापदण्डको उपयोग गरिएको छ। यस लेखमा प्राथमिक तथा द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ। यस लेखमा सरुभक्तद्वारा लिखित *चुली* उपन्यासलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ। उपन्यासको सारवस्तुसम्बन्धी अवधारणा निर्माणका लागि प्रयोग गरिएका कृति सन्दर्भसामग्री तथा *चुली* उपन्यासका गरिएका विश्लेषणलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ। सारवस्तुको सिद्धान्तका आधारमा कृतिको विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ। यस लेखमा कृतिपठन र पाठ विश्लेषणको ढाँचाका आधारमा *चुली* उपन्यासको विश्लेषण गरी सारवस्तु निरूपण गरिएको छ। यस लेखमा गुणात्मक अनुसन्धानका मापदण्ड प्रयोग गरी सारवस्तुसम्बन्धी अवधारणाका आधारमा कृति विश्लेषण गरेर अर्थापन गरिएको छ।

## सारवस्तुसम्बन्धी अवधारणा

कुनै पनि कृतिमा लेखकका अनुभव, कल्पना तथा धारणा नै विचारका रूपमा अएका हुन्छन् । उपन्यास आख्यान प्रधान विधा हो, त्यसैले कृतिमा घटना, कथावस्तु तथा पात्रका माध्यमबाट विचार प्रकट भएको हुन्छ । अनुभव नै ज्ञान वा विचारको स्रोत हो (मिश्र, सन् १९९८, पृ.१२३) । कुनै पनि रचनामा विचार लेखकको कृति लेखनको उद्देश्य बनेर प्रकट भएको हुन्छ । लेखकीय कल्पना, अनुभव तथा धारणा नै विचार बनेर आएका हुन्छन् । लेखकीय विचारको निर्माण परिवार, समाज, शिक्षा, राजनीति, विज्ञान, प्रविधि आदि पक्षबाट हुन्छ (प्रश्रित, २०६६, पृ.३०७) । कुनै पनि लेखकले आफैँसँग वा कुनै अन्य व्यक्तिसँग संवाद गर्ने क्रममा विचार जन्मन्छ । कुनै कथामा आत्माझैँ अन्तर्निहित आधारभूत धारणा वा विचार मान्यता नै सारवस्तु हो (श्रेष्ठ, २०७९, पृ. ३९) । लेखकको विचार नै कृतिमा सारवस्तुका रूपमा अभिव्यक्त भएको हुन्छ । सारवस्तुको अर्थ यसको विषय नभएर यसमा प्रयुक्त केन्द्रीय विचार हो (बराल, २०६९, पृ. ९२) । कुनै पनि रचनाका माध्यमबाट अभिव्यक्त हुने मूल विचार नै सारवस्तुका रूपमा प्रकट भएको हुन्छ ।

साहित्यिक कृतिमा अभिव्यक्त भएको सारवस्तुले कृतिको मुख्य सार प्रस्तुत गरेको हुन्छ । सारवस्तु प्रस्तुतीकरणका विभिन्न तरिका हुन्छन् । लेखकले आफ्ना रचनामा सारवस्तु प्रस्तुतीकरणका लागि विभिन्न पद्धति अवलम्बन गरेको हुन्छ । सारवस्तु अभिधात्मक, अन्योक्तिमूलक वा प्रतीकात्मक ढाँचामा रहेको हुन्छ (श्रेष्ठ, २०५७, पृ. १२) । लेखकले आफ्नो धारणलाई नै सारवस्तु बनाएको हुन्छ । कुनै कृतिमा सारवस्तु नाटकीकृत वा आग्रहीकृत संरचनामा प्रस्तुत गरेको हुन्छ (श्रेष्ठ, २०५७, पृ. १२) । यी दुईमध्ये नाटकीकृत पद्धतिलाई साहित्य लेखनका क्रममा बढी महत्त्व दिइन्छ । कृतिमा लेखकले नाटकीकरण गरेर प्रस्तुत गरेको सारवस्तु निकै प्रभावकारी हुने गर्छ । लेखकले कृतिमा दिन खोजेका विचारका तहहरू पाठकले उप्काउन सक्छ र सौन्दर्यबोध गर्छ ( बराल र एटम, २०५८, पृ.४१) । त्यसैले कुनै पनि कृतिको मूल आशय, विचार वा दृष्टिकोणका रूपमा सारवस्तु आएको हुन्छ । कथाको सारका रूपमा संवेदनाको प्रस्तुति भएको हुन्छ (अर्याल, २०५९, पृ.८) । उपन्यासमा खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई प्रकट गरेका हुन्छन् (प्रधान, २०६१, पृ. ११) । लेखक समाजका कुन पक्षसँग बढी प्रभावित छ र कुन पक्षसँग बढी संवेदनशील छ, त्यो पक्ष नै स्रष्टाको विचारका रूपमा उपन्यासमा आएको हुन्छ ।

कुनै पनि कृतिको पठनबाट प्राप्त मूल सन्देश नै सारवस्तुका रूपमा आएको हुन्छ । उपन्यासमा विकसित गरेर प्राप्तिपूर्ण अवस्थासम्म पुऱ्याइएको केन्द्रीय एकीकृत धारणा, जीवनदृष्टि, सन्देश, सारतत्त्व, विचार नै सारवस्तु हो र यसलाई उपन्यासकारले नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याएको हुन्छ (बराल र एटम, २०६७, पृ. २१८) । यसैले जीवनका व्यापक अनुभूति नै उपन्यासमा विचार भएर अभिव्यक्त हुन्छन् । युगीन र विश्वपरिवेशका व्यापक मूल्यहरू, पारदर्शी र जीवनमुखी दृष्टिकोणहरू उपन्यास सिर्जनाका क्षणमा स्रष्टाको विचार बनेर पात्रका आचरणमा प्रक्षेपित भएका हुन्छन् । यो एउटा जीवनदर्शन पनि हो (सुवेदी, २०६४, पृ. २६) । वस्तु, आचरण, परिवेश, द्वन्द्वका सङ्गतिबाट उपन्यासको निर्मिति हुन्छ र यसै सङ्गतिबाट व्यक्त हुने स्रष्टाको परिपक्व अठोट नै उपन्यासको विचार पक्ष हो । सिर्जनाको मूल प्रयोजन सौन्दर्यको सृष्टि गर्नु हो र यो नैतिकता तथा आनन्दको सम्मिश्रणबाट सम्भव हुन्छ (शर्मा, २०६३, पृ. ४०८) । उपन्यासको प्रयोजन आनन्दप्राप्ति, नीतिसोपक्ष आनन्द, लोकमङ्गल, समसायिक यथार्थको उद्घाटन आदि हो ।

उपन्यास वर्तमान युग जीवनका विविध रहस्यलाई सहजताका साथ प्रकाश पार्ने यर्थाकेन्द्री, कल्पनायुक्त र मानवतावादी गद्याख्यान हो र यसमा सृजनात्मक कलाका अनेक रूपको उपयोग सम्भव छ (पौडेल, २०६८, पृ. ६) । यस लेखमा मूलतः *चुली* उपन्यासमा प्रस्तुत भएको सारवस्तु प्रस्तुत गरिएको छ । यसका लागि उपन्यासको कथावस्तु प्रस्तुत गरी त्यसैका आधारमा अभिव्यञ्जित मूल विचार वा सारवस्तु निरूपण गर्ने कार्य गरिएको छ ।

## परिणाम र छलफल

सरुभक्तद्वारा लिखित *चुली* (२०६०) उपन्यास मानिसको जीवनका विविध पक्ष उद्‌घाटन गरी रचिएको कृति हो । हिमाल आरोहरणका विविध सन्दर्भलाई मानिसको जीवनका अनेकन आयामसँग जोडेर जीवनका सरलता, जटिलता तथा व्यावहारिकतालाई औपन्यासिक सन्दर्भबाट स्पष्ट पारिएको चुली मानिसको लक्ष्य बनेको हुन्छ भन्ने कुरा उपन्यासमा आएको छ। चुली उपन्यासको रचनाका सन्दर्भमा सरुभक्तको स्वीकारोक्ति यस्तो रहेको छ :

> "असल प्रेरणाबाट असल साहित्यको रचना नेपाली साहित्यको मात्र होइन, विश्व साहित्यकै एक समृद्ध परम्परा हो । यस पृष्ठभूमिमा मैले द ओल्ड म्यान एन्ड द सीद्वारा प्रेरित भई *चुली*को रचना गरेँ । हेमिङ वेसित विशाल समुद्र थियो, उनले समुद्रमा जीवनको सङ्घर्षगाथा रचना गरे । मसित महान् हिमाल थियो, मैले हिमालमा जीवनको सङ्घर्षगाथा रचना गरेँ । तर यी दुई सङ्घर्षगाथामा प्रेरणाजन्य समानताबाहेक भिन्नताहरू त्यति नै छन् जति समुद्र र हिमालबिच हुन्छन्" (*चुली,* २०६०, सापेक्ष) ।

*चुली* उपन्यास पर्यावरणीय कृतिका रूपमा सिर्जित भएको छ । यसमा मानिसको जीवनलाई हिमाल आरोहणका सन्दर्भसँग जोडिएको छ। यस कृतिले नेपाली उपन्यास परम्परामा अर्को ढोका उघारिदिएको छ। *चुली* उपन्यासमा अभिव्यक्त भएको सारवस्तुको समीक्षा यस लेखमा गरिएको छ ।

### *चुली* उपन्यासको सारवस्तु

सरुभक्तको *चुली* उपन्यासमा हिमाल आरोहणको विषयलाई मानिसले जीवनमा लक्ष्य प्राप्त गर्नका लागि गर्ने सङ्घर्षसँग सम्बन्धित बनाइएको छ। हाम्रो देश नेपालमा विश्वका सर्वोच्च आठ हिमशृङ्खला पर्छन् । हाम्रो देश नेपाल यिनै हिमशृङ्खलाका कारण हिमाली राष्ट्रका रूपमा परिचित रहेको छ। चाँदी जस्तै टल्किएका यिनै हिमाल नै हामी नेपालीको पहिचान पनि बनेका छन् । यस्तो हिमशृङ्खलाले भरिपूर्ण देशमा हिमाली सन्दर्भलाई समेटेर साहित्य लेख्ने पद्धतिको विकास नभएको सन्दर्भलाई परिपुष्टता प्रदान गर्ने उद्देश्यले अभिप्रेरित भई *चुली* उपन्यासको रचना गरिएको सन्दर्भ कृतिमा अभिव्यक्त भएको छ (*चुली,* २०६०, सापेक्ष) । नेपाली उपन्यास जगत्मा नयाँ प्रवृत्ति बोकेर *चुली* उपन्यास आएको छ ।

*चुली* उपन्यासमा आएको विषयको मुख्य क्षेत्र भनेकै हिमाल आरोहणको सन्दर्भ हो । जम्मा ७० पृष्ठमा संरचित *चुली* लघु उपन्यासका रूपमा नै रहेको छ। यसलाई लघु उपन्यास सिद्ध गर्न सकिने विभिन्न आधार रहेका छन् । विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको सन्दर्भलाई मानव जीवनको लक्ष्य प्राप्तिको यात्रासँग सम्बन्धित बनाउँदै *चुली* उपन्यास रचना गरिएको छ। उपन्यासको प्रारम्भ ऊ पात्रले हिमाल आरोहणको यात्रासँगै भएको छ। उपन्यासमा एकातिर हिमाल आरोहणको सन्दर्भ पाइन्छ भने अर्कातिर जीवन विषयक सत्यको अभिव्यक्ति पाइन्छ ।

*चुली* उपन्यासमा हिमाल आरोहणको मूल विषय सन्दर्भसँग राखेर मानव जीवनको लक्ष्य प्राप्तिका क्रममा आइपर्ने समस्याहरू प्रस्तुत गर्दै जीवनलाई चिनाउने प्रयत्न गरिएको छ। यस

उपन्यासमा हिमाल आरोहण जत्तिकै कष्टकर अनि चुनौतीपूर्ण मानिसको जीवनको यात्रा पनि रहेको छ भन्ने कुरालाई विभिन्न दृष्टान्तका माध्यमबाट पुष्टि गरिएको छ । टाढाबाट हेर्दा हिमाल आरोहरण सामान्य लागे पनि नजिकबाट नियाल्दा निकै कष्टकर हुने गर्छ त्यस्तै मानिसको जीवन पनि परबाट जति सुन्दर र आकर्षक हुन्छ नजिकबाट त्यति आकर्षक हुँदैन भन्ने कुरालाई हिमालको यात्राबाट स्पष्ट पारिएको छ । हामी जोकोही जीवनलाई सभ्य, भव्य अनि सुमधुर बनाउन चाहने व्यक्ति जीवनका खतरासँग खेल्न सक्नुपर्छ भन्दै जीवनलाई पनि खतराको खेलका रूपमा चिनाउने कार्य यस उपन्यासमा गरिएको छ । परिश्रमबिनाको जीवन चाहने मानिसले कहिल्यै पनि सफलताका सुमधुर सिँढी चढ्न सक्दैन भन्दै जोखिमयुक्त जीवनमा नै सफलताका मिठा फल पाउन सकिने विचार यस उपन्यासमा प्रकट भएको छ ।

*चुली* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिका आधारमा हिमाल आरोहणका सन्दर्भ र जीवनका लक्ष्य प्राप्तिका लागि गरिने कष्टकर परिश्रमका सन्दर्भलाई सम्बन्धित बनाएर देखाउने कार्य गरिएको छ । सगरमाथा आरोहणका लागि आउने थोरै मानिसले मात्र सफल आरोहणको मधुर स्वाद लिन पाए जस्तै यस धर्तीमा जन्मिएका थोरै मानिसले मात्र आफ्नो जीवन सफल भएको अनुभूतिमा रमाउन पाउँछन् भन्ने अत्यन्तै आकर्षक र यथार्थपरक अभिव्यक्ति यस उपन्यासमा दिइएको छ ( सुवेदी र अन्य, २०८०, पृ. २४४) । जीवनका कठिन यात्रा एक्लै तय गरे जस्तै हिमाल आरोहणको प्रयास पनि एक्लै गरिनुपर्छ भन्ने भावनाबाट प्रेरित भई ऊ पात्रले हिमाल आरोहणको कार्य प्रारम्भ गरेको विषयबाट *चुली* उपन्यास अगाडि बढेको छ । हिमाल र जीवन दुवै जोखिमबाट अगाडि बढ्ने भएकाले जोखिम वा खतराहरूको सामनाबाट नै हिमालको सफल आरोहण भए जस्तै सङ्घर्षशील जीवनबाट नै लक्ष्य प्राप्ति हुने दृढ अठोटका साथ ऊ पात्र हिमाल आरोहणमा निस्किएको विषय यस उपन्यासमा पाइन्छ । हिमाल सफल आरोहीका लागि मात्र हो भने जीवन पनि सङ्घर्ष गरेर अगाडि बढ्न सक्नेलाई मात्र हो भन्ने विचारले यस उपन्यासमा स्थान पाएको छ ।

*चुली* उपन्यासमा मानिसको जीवनलाई विवशताले भरिएको यात्राका रूपमा चित्रण गरिएको छ । मानिसको जीवनको अर्को नाम विवशता हो तर विवशता भने जिन्दगी होइन भन्दै मानिसले यो जीवन विवशताका बिचबाट बिताउनुपर्ने कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । मानिसको जीवनमा दुःख छ, तर दुःख नै जीवन होइन किनभने परिश्रमबाट जीवनको सुन्दर परिभाषा बनाउन सकिन्छ भन्दै सङ्घर्षले भरिएको जीवनमा सफलता आफैँ प्राप्त हुन्छ भन्ने कुरा यस उपन्यासमा देखाइएको छ । हिमालमा जोखिम रहे जस्तै मानिसको जीवन पनि जोखिमले भरिएको हुन्छ भन्ने कुरालाई उपन्यासमा पुष्टि यसरी पुष्टि गरिएको छ। "हिमालमा जोखिमहरू हुन्छन् । जीवनमा हिमालहरू हुन्छन् । जीवन भनेको जोखिमहरूको एक सुन्दर कविता हो । जोखिमदेखि तर्सनेहरू सधैँ कुरूप कविता रचना गर्दछन्" ( *चुली, २०६०,* पृ. १२) ।

मानिसले जीवनमा सफलता पाउनका लागि जोखिम मोल्नै पर्छ, जोखिमबाट नै सुन्दर रचना निर्माण हुन सक्ने विचार *चुली* उपन्यासमा अभिव्यक्त भएको छ । यस उपन्यासमा हिमालको मौसम परिवर्तनशील हुन्छ, तर मानिसको भाग्य मौसम जस्तै परिवर्तन हुन सक्दैन भन्ने कुरा उल्लेख गर्दै मानिस कुनै लक्ष्य वा उद्देश्यबाट निर्देशित हुने र जीवनमा लक्ष्य नभएको मानिस मृत बराबर हुने विषयलाई विभिन्न सन्दर्भ र दृष्टान्तका माध्यमबाट स्पष्ट पारिएको छ। यसैगरी उपन्यासमा मानिसले अवसरको खोजी अवश्य गर्नुपर्छ तर अवसर मात्र खोज्नेले कुनै लक्ष्य प्राप्त गर्न सक्दैन भन्ने कुरालाई उपन्यासको भनाइले यसरी स्पष्ट पारेको छ : "कति मान्छेको जीवन राम्रो मौसमको

प्रतीक्षा गर्दागर्दै त्यत्तिकै बित्छन् । राम्रो मौसम राम्रो कुरा हो तर राम्रो मौसमको प्रतीक्षा गरी बस्नु मात्रै राम्रो कुरा होइन" (*चुली,* २०६०, पृ. २७) ।

मानिसले मौका कुरेर मात्र काम गर्ने होइन बरु परिस्थितिअनुसार प्रतिकूल मौसमसँग जुधेर पनि काम गर्ने सामर्थ्य राख्नुपर्छ भन्ने कुरालाई *चुली* उपन्यासमा विचारका रूपमा प्रस्तुत गरिएको छ । मानिस विवेकशील प्राणी भएकाले आफ्नो लक्ष्य र गन्तव्यको बाटो आफैँ बनाएर अगाडि बढ्नै पर्छ भन्दै अन्य प्राणीले भन्दा मानिसले प्राप्त गरेको विशेष क्षमता नै लक्ष्य निर्धारण सामर्थ्य भएको कुरालाई यस उपन्यासमा हिमाल आरोहण विषयक विविध सन्दर्भबाट स्पष्ट पारिएको छ । मानिसको जीवन दुःख, कष्ट र दुर्घटनाले भरिएको छ, यस्ता डरलाग्दा दुर्घटनाबाट बच्दै कर्मशील बाटोबाट अगाडि बढ्ने व्यक्तिले नै सफलताका शिखरहरू चुम्न सक्छ भन्ने मूल आशयलाई हिमाल चढ्दाका विविध प्रसङ्गबाट स्पष्ट पार्दै आफू हिँड्ने बाटो आफैँ निर्माण गर्ने सामर्थ्य प्रत्येक मानिसमा रहनुपर्छ भन्ने विचार यस उपन्यासमा प्रकट हुन पुगेको छ । यस उपन्यासमा सङ्घर्षशील तथा इच्छाशक्ति भएको मानिसले आफ्नो जीवनमा सफलता पाउन सक्छ भन्ने कुरा पुष्टि उपन्यासको अंशले यसरी गरेको छ : "जीवनमा कति मान्छे थोरै थोरै परिश्रम गरी धेरै धेरै आराम खोज्छन् । जीवनमा कति मान्छे अल्छी बन्नकै लागि जन्मछन्, त्यसैले जीवनका सुनौला अवसरहरूलाई शत्रुता दृष्टिले हेर्छन् । हिमाल चढ्नेलाई यस्तो कुरा सुहाउँदैन । अल्छीले हिमाल चढ्दैन" (*चुली, २०६०,* पृ. ३०) ।

परिश्रमी मानिसले नै सफलताका सिँढी सजिलै चढेका हुन्छन् भन्ने कुराको पुष्टि गर्नका लागि उपन्यासमा माथिको अंश आएको छ । जीवनमा सगरमाथा जस्तै उच्च लक्ष्य लिएर अगाडि बढ्नुपर्छ तर राम्रो योजनाको निर्माण भएन भने सगरमाथा चढ्ने रहर रहरमा नै सीमित रहन सक्छ भन्ने कुरा यस उपन्यासमा विचार बनेर आएको छ । त्यसैले राम्रा योजना बनाएर अगाडि नबढ्ने हो भने सपना सपना नै रहन्छ, त्यसले वास्तविक स्वरूप प्राप्त गर्न सक्दैन भन्ने कुरा यस उपन्यासका माध्यमबाट स्पष्ट पारिएको छ । आत्मविश्वास र निर्णय गर्न सक्ने सामर्थ्यबाट नै जीवनका हिमाल आरोहण हुने गर्छन् भन्दै मानिसले जीवनमा कैयौँ गल्ती गर्छ र तिनै गल्तीबाट पाठ सिकेर जीवनलाई सर्वोच्चतामा लैजाने प्रयास गर्नुपर्छ भन्ने गरेर सिक्नुपर्ने प्रयोगवादी चिन्तन यस उपन्यासमा अभिव्यक्त भएको छ । लक्ष्य प्राप्तिको यात्रामा अगाडि बढ्दा मानिस कहिल्यै भावुक बन्नुहुँदैन, आफू पूर्ण यात्रामा क्रियाशील रहनुपर्छ र आत्मविश्वास, धैर्य र निर्णय क्षमता भएको मानिस नै अगाडि पुग्न सक्छ भन्ने कुरालाई तलको उपन्यासको अंशले पुष्टि गरेको छ :

> उसलाई थाहा हुन्छ, जीवनको हिमाल चढ्न एक एक पाइला अघि सार्नुपर्छ । जोसित आत्मविश्वास, धैर्य र निर्णय गर्ने क्षमता छैन, उसले कहिल्यै हिमाल चढ्न सक्दैन । हिमालको महत्त्व नबुझ्नेहरू सजिलो हिमालको खोजीमा  लाग्छन् । हिमालहरू कहिल्यै सजिला हुँदैनन् । यो त अल्छीको दिवा स्वप्न मात्रै हो । (*चुली,* २०६०, पृ.४०)

हिमाल जस्तै मानिसको जीवनका लक्ष्य पनि सजिलै भेटिँदैनन् र अल्छीले न त हिमाल नै चढ्न सक्छ न त जीवनको लक्ष्य नै प्राप्त गर्न सक्छ भन्ने कुरालाई यस उपन्यासमा देखाइएको छ । राम्रो अवसरको प्रतीक्षा गर्दै बसेका धेरै मानिसले जीवनलाई व्यर्थमा समाप्त पारेका छन् भन्दै प्रकृतिसँग जुधेर आफ्ना विवशता र बाध्यतालाई समाप्त पार्दै अगाडि बढेका मानिस नै सफलताका चुलीमा पाइला राख्न सकेका छन् भन्ने विचार यस उपन्यासमा अभिव्यक्त भएको छ । आफ्नो क्षमता र दक्षतालाई चिनेर मानिसले काम गर्नुपर्छ र आफूले गरेका काममा विश्वास गर्न सक्यो भने

मात्र उसले सफलता प्राप्त गर्न सक्छ भन्दै सङ्घर्षमय यात्राबाट नै मानव जीवनले सफलताका सोपान निर्माण गर्न सक्ने धारणा यस उपन्यासमा प्रकट भएको छ ।

सगरमाथा जस्तै जीवनमा चढ्नुपर्ने चुलीहरू अनेकन छन् र यस्ता चुलीहरू सबै खतराले भरिपूर्ण छन्, यस्ता खतरायुक्त चुलीबाट नै जीवन बनेको हुन्छ, त्यस्ता चुली पार गर्ने लक्ष्य मानिसमा रहनुपर्छ भन्दै विभिन्न अवरोधले अलमल पार्न खोजे पनि स्पष्ट लक्ष्य लिएर अगाडि बढे जीवनका चुलीहरू सजिलै नाप्न सकिन्छ भन्ने विचार उपन्यासमा यसरी प्रकट भएको छ :

> ऊ उत्साहित भई सगरमाथाको चुली हेर्छ । सगरमाथाको चुली देखिँदैन । उसलाई फेरि आश्चर्य लाग्छ । तर यो आश्चर्य उसलाई सुखद भने लाग्न सक्दैन । पछि ऊ अनुभव गर्छ । सगरमाथाको चुली नदेखिनु भनेको सगरमाथाको चुली नहुनु होइन । जीवनका चुलीहरू पनि यस्तै हुन्छन् । ती देखिँदैनन् । तर जीवनका चुलीहरू नदेखिनुको अर्थ जीवनका चुलीहरू नहुनु होइन । जीवनका लक्ष्यहरू नदेखिनुको अर्थ जीवनका लक्ष्यहरू नहुनु होइन । (*चुली,* २०६०, पृ. ५१)

मानिसको जीवनमा अनन्त लक्ष्य छन् र ती लक्ष्य प्राप्त गर्नका लागि मानिस सधैँ क्रियाशील भएको हुन्छ भने कतिपय मानिसको जीवनका लक्ष्य अस्पष्ट पनि हुन सक्छन् तर लक्ष्य अस्पष्ट हुनुभनेको लक्ष्य नै नहुनु होइन भन्दै दृश्यादृश्य सबै कुरा प्राप्तिका लागि मानिसले सङ्घर्ष गर्नुपर्ने धारणा *चुली* उपन्यासको मुख्य विचारका रूपमा अभिव्यक्त भएको छ । धेरै मानिस जीवनमा निर्णय लिन नसकेर पश्चात्तापको भुमरीमा पिल्सिँदै आएका छन्, निर्णय गर्न नसक्नु अनिर्णित भई बस्नु मानिसको सबैभन्दा ठुलो कमजोरी हो भन्दै जीवनलाई राम्रोसँग नबुझेको मानिसले मात्र जीवनसँग शत्रुता राखेको हुन्छ र हिमाललाई नबुझेको मानिसले पनि हिमालसँग शत्रुता लिएको हुन्छ भन्ने कुरा यस उपन्यास यसरी प्रकट भएको छ : "एउटा खतरापछि अर्को खतरा । खतराहरूको लामो सिलसिला । जीवन भनेको यही हो । हिमाल भनेको यही हो । हिमाल नबुझ्नेहरू हिमाललाई शत्रुता पूर्वक दृष्टिले हेर्छन् । जीवन नबुझ्नेहरू जीवनलाई शत्रुतापूर्वक दृष्टिले हेर्छन्" (*चुली, २०६०,* पृ. ५२)

*चुली* उपन्यासमा हिमाल र जीवनलाई सँगसँगै राखेर विश्लेषण गरिएको छ । मानिसको जीवन पनि हिमाल जस्तै जोखिम नै जोखिमले ढाकिएको हुने कुरा यस उपन्यासको मुख्य विचारका रूपमा अभिव्यक्त भएको छ । जीवनको महत्त्व नबुझेका मानिसले यसलाई शत्रुताको भावले हेर्छन् तर जीवनको सुन्दरता बुझेका मानिसले यसको सम्झना गर्छन् भन्दै सङ्घर्षशील जीवनको समर्थन यस उपन्यासमा गरिएको छ । यस उपन्यासमा सगरमाथा क्षेत्रमा दिनानुदिन बढ्दै गएको फोहोरलाई देखाएर यसले दीर्घकालीन रूपमा पार्ने प्रभावका बारेमा पनि चित्रण गरिएको छ । हिउँमा फालिएको जैविक फोहोरसमेत चिसोका कारण सड्दैन, त्यसरी लापरबाही गर्दै जाने हो भने केही वर्षपछि सगरमाथा पनि फोहोरको चुचुरोमा परिणत हुन सक्छ (एटम, २०७०, पृ. १९१) भन्ने चिन्ता प्रकट गरिएको छ । यस उपन्यासमा कतै न कतै प्राकृतिक सम्पदामाथिको अतिक्रमण मानवीय जीवनका लागि निकै घातक बन्न सक्छ भन्ने पर्यावरणीय चेतना पनि अभिव्यक्त भएको पाइन्छ । प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहनका कारण मानिसले सङ्कट भोग्नुपर्ने दिन छिटै आउने विषय पनि यस उपन्यासमा आएको छ ।

*चुली* उपन्यासमा स्पष्ट लक्ष्य भएपछि जीवन र मरणको प्रश्नले मानिसलाई हलचल बनाउन सक्दैन भन्दै प्रत्येक मानिसले आफ्नो जीवनलाई व्यक्तिगत किसिमले भोगेको हुन्छ र जीवनमा लक्ष्य प्राप्त गर्नु मानिसको जीवनको उद्देश्य रहन्छ भन्ने कुरा पुष्टि गरिएको छ । त्यसैले धेरैभन्दा

धेरै चुली चढ्नु मानिसको जीवनको लक्ष्य रहेको हुन्छ भन्ने कुरा उपन्यासमा आएको छ । मानिसको जीवनमा चुली चढ्नु भनेको ओर्लनु पनि हो, त्यसैले जीवनमा मानिसले एकतर्फी सोचाइ मात्र बोकेर हिँड्नुहुँदैन भन्दै एकतर्फी सोचाइले मानिसलाई असफलतामा दुर्घटित बनाइदिने विचार यस उपन्यासमा पाइन्छ । विश्वका ठुला सभ्यता र इतिहासको विनाश एकतर्फी सोचाइबाट मात्र भएको हो भन्दै हिमाल चढ्दा वा आरोहण गर्दा पछाडिका पुस्ताका लागि मार्ग निर्माण पनि गरिनुपर्ने विचार उपन्यासमा प्रकट भएको छ : "उसलाई आभास हुन्छ, मान्छेले जीवनमा गतिला पदचिह्न छोडे भने ती आफ्नै लागि र अरूका लागि पनि मार्गदर्शक बन्न सक्छन्" (*चुली,* २०६०, पृ. ६६) ।

*चुली* उपन्यासले मानिस निश्चित उद्देश्यका साथ दृढइच्छा बोकेर अगाडि बढ्ने मानिसले अनेक बाधा र अड्चनहरूको सामना पनि गर्नुपर्छ भन्दै निरन्तर सङ्घर्षबाट नै जीवनका गोरेटा निर्माण गर्न सकिने विचार प्रकट गरेको छ । मानिसले सङ्घर्षको परिणतिका रूपमा प्राप्त गरेको लक्ष्यमा चुप लागेर बस्नुहुँदैन र उसभित्रका अनन्त इच्छाशक्ति, साहस, लगनशीलताबाट मात्र मान्छेले आफ्नो जीवनको चुली चुम्न सक्छ भन्ने विचार उपन्यासमा व्यक्त भएको छ (न्यौपाने, २०७८, पृ. ५३-५४) । हिमालका चुली असङ्ख्य रहे जस्तै मानिसको जीवनमा पनि अगणित चुली आउने भएकाले एउटा मात्र उपलब्धिलाई सफलता मानेर बस्न नहुने धारणा यस उपन्यासमा आएको छ । कठोर चुलीको यात्रा ताक्नेले जीवनका अनेक सङ्घर्ष र कठिनाइ भोग्नुपर्छ अनि मात्र सफलता प्राप्त गर्न सकिन्छ भन्ने विचार व्यक्त गरिएको छ (थापा, सन् २०२०, अगस्ट २२) । यस उपन्यासमा सङ्घर्षबाट मात्र सफलता प्राप्त गर्न सकिने धारणा व्यक्त भएको छ । सगरमाथा आरोहणमा जस्तै मानव जीवनमा पनि अनेक प्रकारका समस्या र सङ्कट आउन सक्छन् तथापि त्यसलाई बुद्धिमत्तापूर्वक पन्छाउँदै निरन्तर अघि बढ्ने मानिस नै सबै क्षेत्रमा सफल हुन सक्छ । सङ्घर्षका क्रममा व्यक्तिले सहादत प्राप्त गरे पनि मानिसको मानवता र उसको महानता कहिल्यै नमर्ने विचार उपन्यासको मूल धारका रूपमा प्रवाहित भएको छ । चुली आरोहण उत्तेजनाले होइन, विवेक र बुद्धिले सम्भव छ, हिमालभन्दा शान्त र सुन्दर ठाउँ पृथ्वीमा कतै छैन अनि जीवनमा सफलता पनि बुद्धिमत्तापूर्ण क्रियाबाट मात्र सम्भव छ भन्ने कुरा उपन्यासमा व्यक्त गरिएको छ । मानवको इतिहास प्रकृतिसँगको सम्झौता नभई सङ्घर्षको इतिहास हो, यात्रा फोहोरी स्वार्थको खेल नभई पवित्र विश्वास र समर्पणको उपज हो तथा जीवन र मृत्यु, सिद्धान्त र व्यवहार, मन र शरीरबिचको सन्तुलन नै चुली वा जीवनको सफलता हो भन्ने विचार मुख्य रूपमा प्रकट भएको छ (थापा, सन् २०२०, अगस्ट २२) । त्यसैले हिमाल होस् या जीवनमा क्रेम्पोन पाइला चाल्नुपर्छ, सुरक्षित वा सफलताको यात्रा गर्नुपर्छ भन्ने आशय यस उपन्यासमा अभिव्यक्त भएको छ ।

सरुभक्तको *चुली* उपन्यासमा जीवनजगत्सम्बन्धी सोचाइ, धारणा, अनुभव तथा जीवन दर्शन अभिव्यक्त भएका छन् । मानवको जीवन उद्देश्यविहीन हुनुहुँदैन, मासिले आफ्नो उद्देश्य आफैँ पहिचान गर्न सक्नुपर्छ, जीवनलाई सफलताको चुलीमा पुऱ्याउनका लागि निकै समस्या एवम् सङ्घर्ष झेल्नुपर्ने हुन्छ अनि सफलताको खुसीलाई टिकाइ राख्नका लागि पनि प्रयत्नशील बन्नुपर्छ भन्ने जीवन विषयक सत्यको उत्खनन यस उपन्यासमा गरिएको छ । कुनै उद्देश्य बोकेर समस्यालाई चिर्दै सङ्घर्ष गरेमा लक्ष्य प्राप्त गर्न सकिने आशय यस उपन्यासमा प्रकट भएको छ । मृत्यु अवश्यम्भावी छ तर मृत्युको त्रासबाट त्रसित भई महान् कार्य वा जीवनको उद्देश्य प्राप्तिको यात्रा विचलित गराउनुहुँदैन भन्दै उपन्यासकारले जीवनमा समस्याहरू आइपर्छन् तर त्यसलाई सावधानीपूर्वक पन्छाउँदै आफ्नो लक्ष्यतिर बढिरहनुपर्छ भन्ने मूल विचार उपन्यासमा व्यक्त भएको छ (लुइटेल, सन् २०११, अक्टोबर १९) । मानिसले आफ्ना लागि मात्र नभएर भावी सन्ततिका लागि पनि केही महत्त्वपूर्ण काम गरिदिनुपर्छ भन्ने विचार उपन्यासमा प्रकट भएको पाइन्छ ।

*चुली* उपन्यासमा मानिसको जीवनका विभिन्न आयाममा प्रस्तुत गरिएको छ । यस उपन्यासमा आएको सारवस्तु अभिधात्मक किसिमबाट नै अभिव्यक्त भएको छ । हिमाल आरोहणका सन्दर्भसँग मानिसको जीवनलाई अन्तर्सम्बन्धित बनाइएकाले पनि यहाँ आएको सारवस्तु अभिधात्मक नै रहेको छ । *चुली* उपन्यासमा आएको चुलीलाई एकातिर हिमालको चुचुरोका रूपमा चित्रण गरिएको छ भने अर्कातिर मानिसको जीवनको सफलतासँग जोडिएको छ । हिमालको चुलीमा चढ्नका लागि गर्नुपर्ने सङ्घर्ष जस्तै जीवनमा सफलताको शिखर चढ्न पनि त्यस्तै मिहिनेतको आवश्यकता पर्ने विषय यस उपन्यासमा औँल्याइएको छ । सहास, आँट तथा निश्चित विधिलाई पछ्याएर हिमाल आरोहणलाई सफल बनाउन सकिए जस्तै मिहिनेत, लगनशीलता, निरन्तर साधना, जोस, जाँगर, उत्साहकै कारण जीवनलाई पनि मूल्यवान् बनाउन सकिन्छ भन्ने तथ्य सारवस्तुका रूपमा उपन्यासमा प्रकट भएको छ । हिमालका चुली अनन्त भए जस्तै मानिसको जीवनका चाहना पनि असीमित हुन्छन् । एउटा चुली पार गरेपछि अर्को चुली देखिए जस्तै एउटा लक्ष्य प्राप्त गर्नेबित्तिकै अर्को लक्ष्य पनि मानिसका अगाडि आइपुग्छ भन्ने शाश्वत सत्यलाई निकै आकर्षक र कलात्मक किसिमबाट उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा मानिसको जीवनका विषयमा राखिएका सबै धारणा शाश्वत किसिमका छन्, यसैले उपन्यासको सारवस्तु पनि सबै मानिसका लागि उपयोगी हुने शाश्वत नै रहेको छ । जीवनको वास्तविकतालाई विभिन्न दृष्टान्तका माध्यमबाट परिपुष्टि गर्ने आशय रहेको यस उपन्यासमा सारवस्तुलाई नाटकीकरण गरी निकै आकर्षक रूपमा प्रस्तुत गरिएको छ । प्रारम्भदेखि अन्तिमसम्मका सबै औपन्यासिक अभिव्यक्तिमा सारवस्तु घोलेर प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

उपन्यासकार सरुभक्तद्वारा लिखित *चुली* उपन्यास हिमाल आरोहरण र जीवनलाई एकैठाउँमा राखी मानिसको जीवनका भित्री रहस्य खोतल्ने उद्देश्यका साथ रचना गरिएको उत्कृष्ट कृति हो । यस उपन्यासमा सगरमाथा चढ्ने आधार शिविरदेखि यसको चुलीसम्मको मुख्य पदमार्गलाई चिनाइएको छ । सगरमाथा नेपालीको मात्र नभई विश्वकै सर्वोच्च शिखर हो । विश्वको माथ बनेको सगरमाथाको सेरोफेरोमा रहेको हिमाली सौन्दर्य तथा हिमाल चढ्ने क्रममा भोग्नुपर्ने जोखिमयुक्त अवस्थालाई विषयबद्ध गरी चुली उपन्यासको रचना गरिएको छ । उपन्यासमा एकातिर हिमाल आरोहरण गर्दा भोग्नुपर्ने अवस्था देखाइएको छ भने अर्कातिर जीवनलाई सफल बनाउनका लागि गर्नुपर्ने कामलाई पनि देखाउने प्रयत्न गरिएको छ । उपन्यासमा हिमालका असङ्ख्य चुली रहे जस्तै मानिसको जीवनका पनि असीमित चुली रहन्छन् भन्दै एउटा चुली चढेपछि अर्को चुली देखिए जस्तै एउटा लक्ष्य प्राप्त भएपछि तत्कालै अर्को लक्ष्य अगाडि आउने गर्छ भन्ने देखाइएको छ । *चुली* उपन्यासमा मानिसको जीवनलाई सङ्घर्ष पर्यायका रूपमा चिनाउँदै आँट, सहास, योजनाबद्ध काम र निरन्तर साधनाबाट हिमालको चुली चढ्न सकिन्छ र यस्तै कठोर परिश्रमबाट नै जीवनको चुली पनि भेटिने गर्छ भन्ने कुरा देखाइएको छ । उपन्यासमा सघन कथावस्तुका तुलनामा जीवन विषयक विचार प्रकट भएका छन् । हिमालको चढाइलाई जीवनको सङ्घर्षसँग सम्बन्धित बनाउँदै रचना गरिएको उपन्यासले जीवनलाई सङ्घर्षको पर्यायका रूपमा चिनाएको छ । यस उपन्यासमा मानिसको भाग्य हिमाली मौसम जस्तै निरन्तर परिवर्तनशील हुन्छ भन्ने कुरा उल्लेख गर्दै दुवैमा गल्ती गर्न पाइँदैन भनिएको छ । उपन्यासमा मानिसको जीवनसँग सम्बन्धित शाश्वत सारवस्तुलाई नाटकीकृत ढाँचामा प्रस्तुत गरिएको छ । सरल भाषाशैलीमा संरचित यस उपन्यासमा प्रत्यक्ष रूपमा हिमाल आरोहणसँग सम्बन्धित विषय आएको भए पनि प्रकारान्तरले मानिसको जीवन विषयक सत्य स्पष्ट पारिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, भैरव (२०५९), *साझा कथा,* दसौँ संस्क., साझा प्रकाशन ।

एटम, नेत्र (२०७०), *अन्तर्विषयक समालोचना,* एकता बुक्स ।

थापा, दीनबहादुर (सन् २०२०, अगस्ट २२), सरूभक्त चुली उपन्यास, https://dinthapa.com.np. अवलोकन मिति : २०८१/०५/१० ।

न्यौपाने, दीपक (२०७८), चुली उपन्यासको सारवस्तु, *प्रज्ञान,* ६(१): ४३-५५ https://doi.org/10.3126/pragyan.v6i1.54695

पौडेल, विष्णुप्रसाद (२०६८), *उपन्यास समालोचना (प्रवृत्ति र विश्लेषण),* भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार,* चौथो संस्क., साझा प्रकाशन ।

प्रश्रित, मोदनाथ (२०६६), देवकोटाका वाङ्मयमा वैचारिक विकास, *भृकुटी,* पूर्णाङ्क ५, पृ.३०६ – ३१२ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दोस्रो संस्क., साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६७), *नेपाली कथा र उपन्यास,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

बराल, कृष्णहरि (२०६९), *कथा सिद्धान्त,* एकता बुक्स ।

मिश्र, सभाजित (सन् १९९८), *कांटका दर्शन,* उत्तरप्रदेश हिन्दी संस्थान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, लीला (सन् २०११ अक्टोबर १९), वैचारिक उपन्यास चुली, *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya/details/3547, अवलोकन मितिः २०८१/०५/११ ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* दोस्रो संस्क, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०५७), *नेपाली कथा भाग ४,* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७९), *अभिनव कथाशास्त्र,* दोस्रो संस्क., साझा प्रकाशन ।

सरुभक्त (२०६०), *चुली,* फाइन प्रिन्ट एनआइसी ।

सरुभक्त (२०६९, श्रावण ५), चुली लेख्दा..., *कान्तिपुर कोसेली,* https:// ekantipur.com.koseli. अवलोकन मिति : २०८१/०५/१२ ।

सुवेदी, केशव, शालिकराम पौड्याल र प्रेमप्रसाद तिवारी (२०८०), *अनिवार्य नेपाली,* अस्मिता बुक्स पब्लिसर एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* दोस्रो संस्क., साझा प्रकाशन ।